# मालपोत कार्यालय भैरहवाबाट जारी भएको
# जिर्ण स्रेस्ता बदर गरी नयाँ स्रेस्ता कायम गरी नामसारी सम्बन्धी हकदावी सम्बन्धी ३५ दिने सूचना

सुचना ।                                   सुचना ।।                                   सुचना ।।।

यसमा जिल्ला रुपन्देही साविक जोगडा गाविस वडा नं. १क कि.नं. २५ ज.वि. ०-६-१९-० जग्गा जिल्ला रुपन्देही साविक तरकुलहा २ हाल गैडहवा गा.पा. २ बस्ने महमद ईनुस, अगनु केवट, केवल अहिर, जय श्री चाई, रामनरेश चाई र बरकतुल्लाह मु. समेतको नाममा दर्ता कायम रहेकोमा जग्गाधनी महमद इनुस मु. को मिति २०७०/०३/१६ गते र निजको एकमात्र पत्नी अरसन निशा मु. को पनि मिति २०६५/०३/१० गते आ-आफ्नै कालगतिले मृत्यु भएको तथा निजहरुको हकखाने निज दम्पत्तिबाट जायजन्म भएका ५ छोराहरु क्रमशः मोहम्मद इस्लाम मु, सफीकुल इस्लाम मु, नजरुल इस्लाम मु, दारुल सलाम मुसलमान र सजरुल इस्लाम मु. मध्ये मोहम्मद इस्लाम मु.को मिति २०७७/०५/३१ गते आफ्नै कालगतिले मृत्यु भएको र निजको हकखाने एकमात्र पत्नी अख्तरुन निसा मु मात्र रहेको तथा नजरुन इस्लाम मु., दारुल सलाम मुसलमान, सजरुल इस्लाम मु. र अख्तरुन निसाको मंजुरीले जग्गाधनी महमद ईनुसको अंशभाग सफीकुल इस्लामको नाममा, जग्गाधनी अगनु केवटको मिति २०७२/१०/१५ मा र निजको एकमात्र पत्नी जसोधरा केवटीनको पनि मिति २०७०/०८/१५ मा आ-आफ्नै कालगतिले मृत्यु भएको तथा निजहरुको हकखाने हकवाला दुई छोराहरु हरिराम केवट र सुग्रीम केवट रहेकोमा हरिराम केवटको मिति २०७४/०७/१० मा र निजको एकमात्र पत्नी केवलधारी केवटीनको पनि मिति २०७८/०८/०१ आ-आफ्नै कालगतिले मृत्यु भएको र हकखाने हकवाला दुई छोरीहरु विन्द्रावती केवट र सुन्द्रावती केवट मात्र रहेकोले जग्गाधनी अगनु केवटको अंशभाग सुग्रीम केवट, विन्द्रावती केवट र सुन्द्रावती केवटको नाममा, जग्गाधनी केवल अहिरको मिति २०४२/१०/२१ गते र निजको एकमात्र पत्नी वटखारवा भन्ने कुशलावती अहिरको मिति २०३३ साल अगावै मृत्यु भइसकेको तथा हकखाने तीन छोरा क्रमशः सत्य नारायण अहिर, बेचन अहिर र राजमन अहिर रहेकोमा बेचन अहिरको पनि मिति २०७१/११/१५ मा मृत्यु भएको र हकखाने हकवाला एकमात्र पत्नी सुदामा अहिर रहेकोले मृतक केवल अहिरको अंशभाग सत्य नारायण अहिर, सुदामा अहिर र राजमन अहिरको नाममा, जग्गाधनी जय श्री चाईको मिति २०४०/११/१० मा र निजको एकमात्र पत्नी गुलवा चाईको पनि २०४६/०२/१० मा आ-आफ्नै कालगतिले मृत्यु भएको तथा निजहरुको हकखाने हकवाला ६ छोरा क्रमशः तुल्सी प्रसाद चाई, सन्तराम चाई, रामचन्द्र चाई, पुजारी चाई, प्रभुदयाल चाई र जगदीश चाई रहेकोले जय श्री चाईको हकहिस्सा तुल्सी प्रसाद चाई समेत ६ जनाको नाममा र जग्गाधनी राम नरेश चाई र बरकतुल्लाह मु. जीवित नै रहेकोले महमद ईनुस, अगनु केवट, केवल अहिर, जय श्री चाई, रामनरेश चाई र बरकतुल्लाह मु. समेतको नाममा दर्ता कायम रहेको जोगडा गाविस वडा नं. १क कि.नं. २५ ज.वि. ०-६-१९-० नियमानुसार नामसारी गरी पाउँ भनी द.नं. ३५०५ मिति २०८१/०५/१४ मा निवेदन दिनुभएकोमा मोठ स्रेस्ता जिर्ण रहेकोले नयाँ स्रेस्ता समेत कायम गरी नामसारी गरी पाउँ भनी निवेदन दिनुभएकोमा निवेदन बमोजिम नयाँ स्रेस्ता कायम गरी नामसारी गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैं वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ।म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सबैमा अनुरोध छ ।

इति सम्बत् २०८१ साल ०८ महिना १८ गते रोज ३ शुभम् ।